# पनौती नगरपालिका
## Panauti Municipality
### नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : २०७८/०५/१५

## प्रस्ताव पेश गर्ने वारेको सुचना ।

प्रस्तुत विषयमा पनौती नगरपालिकानगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको कृषि तथा पशुपन्छी शाखाले आ.व.०७८/७९ मा (६०-४० प्रतिशत) लागत सहभागितामा संचालन गर्ने तपशिलका कार्यक्रमहरुमा भाग लिन इच्छुक पनौती नगरपालिका क्षेत्र भित्र रहेका कृषक/कृषक समुह/सहकारी/व्यवसायीक फर्म/संघ/संस्थाहरुले वडा कार्यालयवाट प्राप्त हुने दरखास्त फारम भरि सुचना प्रकाशित मितिले ३० दिन भित्र वडा कार्यालयहरुमा तोकिएका कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । प्राप्त निवेदनहरुको फिल्ड भेरिफिकेसन र अन्य मुल्यांकनको मापदण्ड पुरा भएको आधारमा छनौट गरिने छ । अनुदान कार्यक्रमको मापदण्ड सम्वन्धित वडा कार्यालय तथा यस कार्यालयको वेभसाईट www.panautimun.gov.np मा हेर्न सक्नु हुनेछ ।

### कृषि तथा पशु विकास तर्फका कार्यक्रमहरु ।

| सि.नं | कार्यक्रम विवरण | इकाई | वितरण हुने संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | चिलिङ भ्याट (५०० लि. | गोटा | ३ | |
| २ | मिल्क एनालाईजर | गोटा | १० | |
| ३ | स्टेनलेस स्टिल मिल्क क्यान | गोटा | ५०३ | |
| ४ | मोटर सहितको च्यापकटर (भुसा काट्ने मेसिन) | गोटा | ९० | |
| ५ | काउ म्याट | गोटा | ८ | |
| ६ | दुध दुहुने मेशिन | गोटा | २ | |
| ७ | फायर एक्स्टिङ ग्रुसर (आगो निमाउने सिलिण्डर) | गोटा | २० | |
| ८ | सिलिङ्ग फ्यान | गोटा | २० | |
| ९ | प्लाष्टिक टनेल( ६x१२मि.) | गोटा | ६२८ | |
| १० | टु ईन वान इलेक्ट्रीक स्प्रेयर पम्प (१६ लि.) | गोटा | १०८० | |
| ११ | हाईटेक टनेल ( ६x१२मि.) वातावरण अनुकुल | गोटा | १ | |
| १२ | प्याडल थ्रेसर | गोटा | ३५ | |
| १३ | मकै छोडाउने मेशिन (कर्न सेलर) | गोटा | २५ | |
| १४ | ग्रिन नेट ( ६x१२मि.) | गोटा | १० | |
| १५ | पानी तान्ने पम्प (पेट्रोल) | गोटा | १५ | |
| १६ | मिनि टिलर (७ एच.पि.) | गोटा | ३० | |
| १७ | बहुवर्षे घासको नर्सरी स्थापना | संख्या | १ | |

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

# पनौती नगरपालिका
## Panauti Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय Panauti पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| १८ | मागमा आधारित युवा लक्षित व्यवसायीक कृषि तथा पशु विकास फर्म सुदृढीकरण कार्यक्रम | संख्या | २५ | |
| १९ | युवा लक्षित पशु जन्य उद्यम विकास कार्यक्रम | संख्या | ५ | |
| २० | मौरी घार वितरण | गोटा | १०० | |
| २१ | दाते ओखरको कलमी विरुवा वितरण | गोटा | ४०० | |
| २२ | किबी विरुवा वितरण | गोटा | ४०० | |
| २३ | सुन कागतीको विरुवा वितरण | गोटा | १००० | |
| २४ | मेकाडोनिया नट विरुवा वितरण | गोटा | २०० | |
| २५ | सिडलेस हाइब्रिड अम्बा विरुवा वितरण | गोटा | २०० | |
| २६ | पुष्प खेती कार्यक्रम | संख्या | २ | |

**आवश्यक कागजपत्रहरु**

१. पनौती नगरपालिकाबाट उपलब्ध गराईएको निवेदन फारम ।

२. कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

३. फर्म, संघ, संस्था र सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा आ.ब ७०७७/०७८ को कर चुक्ता भएको प्रमाण ।

४. पनौती नगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

५. समुह, सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपी ।

६. व्यवसायिक कार्ययोजना ।

७. कुनै एक व्यक्तीले बढीमा २ वटा भन्दा बढी कार्यक्रममा भाग लिन पाइने छैन ।

८. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत


Phone: 011-440138, 011-440136, Fax No.: 011-440137, Website: www.panautimun.gov.np, Email: info@panautimun.gov.np

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

## अनुदान प्राप्त गर्नका लागी पुरा गर्नुपर्ने शर्त र विधिहरु निम्न अनुसार छन।

**१. सहकार्यमा चिलिङ भ्याट वितरण कार्यकक्रम।**

दैनिक कम्तीमा ५०० लि. सम्म दुध संकलन गरेको हुनुपर्ने छ। छनौट पश्चात लागत मुल्यको ४० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

**२. मिल्क एनालाइजर।**

दुग्ध सहकारी, कृषि सहकारी र दर्ता वाला दुध संकलकले दैनिक कम्तीमा ५०० लि. दुध संकलन गरेको प्रमाण पेश गर्नु पर्नेछ।

**३ स्टेनलेस स्टिल मिल्क क्यान १० लिटर**

दुग्ध सहकारी, कृषि सहकारी र दर्ता वाला दुध संकलकले दैनिक कम्तीमा ५०० लि. दुध संकलन गरेको प्रमाण पेश गर्नु पर्नेछ। कृषकको हकमा कम्तीमा दैनिक १५ लि. दुध उत्पादन गरेको हुनु पर्नेछ।

**४. मोटर सहितको च्याफकटर (भुसा काट्ने मेसिन)।**

यस कार्यक्रममा सहभागी हुनका लागी व्यवसायिक पशुपालन फर्महरुको हकमा ५ वटा गाई ३ वटा भैसी वा १० वटा माउ बाखा पालन गरेको र पनौती नगरपालिकामा व्यवसाय दर्ता गरेको हुनु पर्नेछ, कृषकको हकमा कम्तीमा १० वटा माउ बाखा वा २ वटा गाई/ भैसी पालन गरेको हुनुपर्नेछ।

**५. काउ म्याट वितरण।**

यस कार्यक्रममा सहभागी हुनका लागी पनौती नगरपालिकामा व्यवसाय दर्ता गरि व्यवसायिक रुपमा कम्तीमा ५ वटा गाई ३ वटा भैसी पालिरहेको भूई पक्की ढलान गरि व्यवस्थित टाट्नो भएको हुनुपर्नेछ।

**६.दुध दुहुने मेशिन।**

यस कार्यक्रममा सहभागी हुनका लागी पनौती नगरपालिकामा व्यवसाय दर्ता गरि व्यवसायिक रुपमा कम्तीमा १० वटा गाई वा १० वटा भैसी पालिरहेको हुनुपर्नेछ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

७. फायर एक्स्टीङ ग्रुसर ( आगो निभाउने सिलिण्डर ) ।

यस कार्यक्रममा सहभागी हुनका लागी पनौती नगरपालिकामा व्यवसाय दर्ता गरि व्यवसायिक रुपमा कम्तीमा १० वटा गाई वा १० वटा भैसी, २० माउ बाख्रा पालिरहेको हुनुपर्नेछ ।

८ सिलिङ फ्यान ।

यस कार्यक्रममा सहभागी हुनका लागी पनौती नगरपालिकामा व्यवसाय दर्ता गरि व्यवसायिक रुपमा कम्तीमा १० वटा गाई वा १० वटा भैसी, २० माउ बाख्रा पालिरहेको हुनुपर्नेछ र गोठको विचको उचाई कम्तीमा १० फुट अग्लो हुनुपर्नेछ ।

९. प्लाष्टिक टनेल वितरण कार्यक्रम ।

प्लाष्टीक टनेल प्राप्त गर्न आफुले गरेको तरकारी खेतीको विवरण सहित माग गर्नु पर्नेछ । गत वर्ष प्राप्त गरेका व्यक्तीहरुले यस वर्ष थप नयाँ टनेल निर्माणका लागि मात्र प्लाष्टीक टनेल माग गर्नु पर्नेछ ।

१० टु इन वान इलेक्ट्रीक स्प्रेयर पम्प वितरण कार्यक्रम ।

गत वर्ष स्प्रेयर पम्प प्राप्त गरेका व्यक्तीहरुले यस वर्ष यो कार्यक्रममा सहभागी हुन पाउने छैनन । सहभागी हुन चाहने कृषकहरुले व्यवसायिक तरकारी, फलफुल तथा अन्नवाली नियमित लगाएको हुनुपर्नेछ ।

११. हाईटेक टनेल ।

यस कार्यक्रममा सहभागी हुनका लागि खाद्य पोषणमा सहयोग पुग्ने तरकारी पकेट विकास कार्यक्रम (ब्लक) मा सहभागी भएको कृषक समुहले मात्र आवेदन दिन सक्नेछन ।

१२. प्याडल थ्रेसर (धान चुट्ने मेसिन) वितरण कार्यक्रम ।

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा धानखेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ ।

रामप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**१३. मकै छोडाउने मेशिन( कर्न सेलर) ।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ४ रोपनीमा मकै खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ ।

**१४. ग्रिन नेट वितरण कार्यक्रम ।**

यस कार्यक्रममा सहभागिताका लागि व्यवसायीक रुपमा तरकारी खेती गरिरहेका कृषकहरु मात्र सहभागी हुन पाउनेछन ।

**१५. पेट्रोल पम्प सेट ( पानी तान्ने मेसिन) ।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा व्यवसायीक खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ ।

**१६. मिनिटिलर वितरण कार्यक्रम ।**

मिनिटिलर लिन इच्छुक कृषक/कृषक समुहहरुले यस कार्यक्रममा दरखास्त पेश गर्न सक्ने छन । कृषकको हकमा कम्तीम ४ रोपनी जग्गा भएका कृषकले, समुहको हकमा संचालन विधी सम्बन्धी कार्य योजना सहित दरखास्त दिन सक्ने छन । यस अघि कुनै पनि निकायबाट यो सेवा लिनु हुने व्यक्ति सघं संस्थाहरुले भाग लिन पाउने छैनन ।

**१७ बहुवर्षे घाँसको नर्सरी स्थापना कार्यक्रम ।**

यस कार्यक्रममा कृषक/कृषक समुह/कृषि सहकारी सहभागी हुन पाउने छन । सहभागीताका लागी यस सम्वन्धी कार्य अनुभव भएका वा गर्न इच्छुक कृषक/कृषक समुह/कृषि सहकारीहरु मध्ये छनौट हुनेले पनौती नगरपालिका कृषि तथा पशुपन्छी शाखाले तोकेको विरुवाहर मात्र उत्पादन गर्नुपर्नेछ । यसरी उत्पादीत विरुवाहरु नगरपालिकाको माग भएसम्म प्रचलित दररेटमा नगरपालिकाले नै खरिद गरि कृषकहरलाई वितरण गर्नेछ ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

**१८. वैदेशिक रोजगारीबाट फर्केका युवाहरु र अन्य कारणबाट रोजगारी गुमाएका युवाहरुको माग वमोजिम प्रस्तावमा आधारित कृषि तथा पशुपालन व्यवसाय सुदृढीकरण युवालक्षीत कार्यक्रम ।**

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तीहरु तथा अन्य कारणबाट रोजगारी गुमाएका युवाहरुको माग र प्रस्तावका आधारमा सम्वन्धीत कृषकहरुले गरिरहेका पशु/कृषि कार्यक्रमको कार्ययोजना सहित स्वयं हस्तलिखित पेश गर्नु पर्ने छ । फिल्ड भेरीफिकेशन र अन्य मूयांकनबाट छनौट गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका र अन्य कारणबाट रोजगारी गुमाएको प्रमाण खुल्ने कागजात सहित पेश गर्नु पर्नेछ ।

**१९. प्रस्तावमा आधारित युवा लक्षित पशु जन्य उद्यम विकास कार्यक्रम ।**

यस कार्यक्रममा सहभागी हुनका लागि हस्तलिखित कार्ययोजना सहित प्रस्ताव पेश गर्नु पर्नेछ ,गाई भैसी पालनको हकमा भैसी कम्तीमा ४ र गाई कम्तीमा ५ वटा पालेको हुनुपर्नेछ, यस कार्यक्रममा सहभागी हने व्यक्तीहरुले दुध तथा दुध जन्य पदार्थ विविधिकरणका लागी आवश्यक पर्ने यन्त्र उपकरण तथा पशु पालनका लागि प्रयोगहुने सामाग्री र दुध ढुवानीका लागि आवशयक पर्ने यन्त्र उपकरण सामाग्रीहरुमा मात्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

**२० मौरी घार वितरण**

यस कार्यक्रममा सहभागी हुन चाहने व्यक्तीहरुले मौरीलाई असर गर्ने खालको विषादी प्रयोग नगर्ने प्रतिवद्धता सहित माग गर्नुपर्नेछ ।एक जना व्यक्तीलाई बढीमा २ वटा सम्म घार उपलव्ध गराइनेछ ।

**२१. आई.पि.एम. कृषक पाठशाला कार्यक्रम संचालन ।**

आई.पि.एम कृषक पाठशाला संचालनका लागी कृषक समुह/समिती/सहकारीहरुले चाहेको र आवश्यकता अनुसारको विषय खोलि सहकार्य सहितको कार्य योजना पेश गर्नु पर्नेछ ।

**२२. मल्चिङ प्रविधि डेमो कार्यकम ।**

यस कार्यक्रममा भाग लिनका लागी पुर्ण कार्य योजना सहित कुन वालीको खेती गर्न चाहेको हो एकिन गरि दरखास्त दिनु पर्नेछ ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

**२३. पुष्प खेती कार्यक्रम ।**

यस कार्यक्रममा प्रस्ताव पेश गर्नका लागि पर्यटक प्रवर्धन गर्ने व्यक्ती,संघ,संस्था,समूह ,सहकारीहरुले पनौती नगरक्षेत्र भित्र लगाएत आसपासको स्थानमा उपयुक्त हुने खालका फुलका विरुवाको नर्सरी स्थापना गरि माग बमोजिम प्रचलित दररेटमा नगरवासीलाई उपलव्ध गराउने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

**२४. उच्च मुल्यका फलफुलका विरुवा वितरण कार्यक्रम ।**

यस कार्यक्रममा भाग लिनका लागी व्यवसायीक रुपमा लगाउन चाहाने कृषकहरुले उच्च मुल्यको फलफुलको विरुवा (एभोकाडा दाँतेदओखर,किवि, सुन कागती,मेकाडोमियानट,सिड लेस अम्बा आदी ) मध्ये कुनै एक किसिमको विरुवा माग गरि लगाउन चाहेको एकिन गरी व्यवसायीक कार्ययोजना सहित कम्तिमा २० देखि ५० गोटा विरुवा रोप्न आवश्यक पर्ने जग्गा हुने व्यक्तीहरुले दरखास्त दिन सक्नेछन भने कृषकहरुको हकमा यो नियम लागु हुने छैन ।

**२५. फलफुलका विरुवा नर्सरी स्थापना तथा फलो अप कार्यक्रम ।**

यस कार्यक्रममा सहभागी हुनका लागी पुर्ण कार्य योजना सहित नगरपालिकाले तोकेको फलफुलका वेर्ना उत्पादन गर्नेगरि प्रस्ताव पेश गर्नुपर्नेछ । यस कार्यक्रममा गात वर्ष संचालन भएका नर्सरीहरुले पनि कार्ययोजना सहित सहभागी हुन सक्नेछन ।

**२९. हिउदे वर्षे घाँस श्रोत केन्द्र स्थापना**

यस कार्यक्रममा भाग लिनका लागी कुन जातको र कति क्षेत्रफलमा घाँसको वीउ लगाउन चाहेको हो सो को कार्य योजना सहित दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्यवापतको रकम सहित अधिकतम रु. ५० हजार सम्म उपलव्ध गराइनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

- नगद भुक्तानी हुने कार्यक्रमहरुमा भाग लिने व्यक्तीहरुले अनिवार्य रुपमा नेपाल बैक लिमिटेडमा खाता खोल्नु पर्नेछ ।
- छनौट पश्चात स्विकृत रकमको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ कार्य सम्पननताको प्रतिवेदन प्राप्त भएपछी एकमुष्ठ रकम बैक मार्फत भुक्तानी गरिनेछ ।
- थप जानकारिको लागी पनौती नगरपालिका कृषि तथा पशुपन्छी शाखा (९८४१२०२४७७, ,९८५११२००८० र ९८६२८२८०८४) वा सम्वन्धित वडा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**(यस सम्वन्धि निर्णय गर्ने सम्पुर्ण अधिकार पनौती नगरपालिकाकमा सुरक्षित रहनेछ ।)**

रामप्रसाद बाग्ले
प्रमुख प्रशासकीय अधिकृत

मिति ..................

श्रीमान वडा अध्यक्ष ज्यु ,

वडा नं . .

मार्फत

कृषि तथा पशुपन्छी शाखा .

पनौती नगरपालिका

पनौती काभ्रे ।

***विषय :– कृषि सामाग्री/कार्यक्रम उपलब्ध गराई पाउँ ।***

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत कृषि तथा पशुपन्छी शाखाको मिति २०७८/०५/१५ गतेको सुचना अनुसार म/हामी उक्त कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुदा तपशिलको सामाग्री/कार्यक्रम उपलब्ध गराईदिनु हुन आवश्यक कागजपत्र संलग्न राखी यो निवेदन पेश गरेको छु । सहकार्य वापतको लाग्ने रकम कार्यक्रममा छनौट भएमा नगरपालिकाको बैक खातामा अग्रिम बुझाउन मन्जुर छु, साथै तपशिलको सामाग्री यस भन्दा पहिले मैले नलिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

<u>तपशिल</u>

१. सामाग्रीको नाम :-

२. कार्यक्रमको नाम :–

निज निवेदकलाई उललेखित कृषि सामाग्री /कार्यक्रम उपलब्ध गराउन मनासिवदेखि सिफारिस गर्दछु ।

वडा अध्यक्षको नाम :-

दस्तखत

वडाको छाप

***<u>संलग्न कागजपत्रहरु</u>***

१.

२.

३.

४.

५.

**निवेदक**

नाम :-

ठेगाना :-

सम्पर्क नं :–

दस्तखत :-

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : २०७८/०५/१५

विषय :- सुचना तथा दरखास्त फार्म पठाएको वारे ।

श्री सवै वडा कार्यालयहरु
पनौती नगरपालिका ।

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत पशुपन्छी शाखा मार्फत संचालन हुने कार्यक्रमको प्रस्ताव पेश गर्ने सुचना र सो सम्वधि दरखास्त फारम यसै पत्र साथ संलग्न राखि पठाइएको छ । प्राप्त भएपछि व्यापक रुपमा प्रचार प्रसार पश्चात माग संकलन गरि सम्वन्धित वडा कार्यालयमा नै दरखास्त वुझ्ने व्यवस्था मिलाई तोकिएको समय पश्चात प्राप्त दरखास्तहरु एकमुष्ठ गरि पठाउने व्यवस्था मिलाइ दिनुहुन अनुरोध छ ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

Phone: 011-440138, 011-440136, Fax No.: 011-440137, Website: www.panautimun.gov.np, Email: info@panautimun.gov.np

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : २०७८/०५/१५

**लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी दरखास्त आव्हानको सुचना ।**

प्रस्तुत विषयमा पनौती नगरपालिका अन्तर्गत कृषि तथा पशुपन्छी शाखाले आ.व.०७८/७९ मा संचालन गर्ने कार्यक्रम मध्ये समुह मार्फत लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी र अन्य कार्यक्रमहरु समेत संचालन गर्न सहज र सरल होस भनि पनौती नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/०७/२५ को निर्णय अनुसार वडा नं ६,९,र ११ लाई बाख्रा पकेट क्षेत्र निर्धारण गरि उक्त क्षेत्र भित्र १५० गोटा प्रजजन योग्य बाख्रा/पाठी र १०गोटा प्रजनन योग्य वोयर जातको बोका वितरण कार्यक्रम संचालन गर्ने गरि लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया २०७७ बमोजिम नगर कार्यपालिकाको निर्णय अनुसार लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्य संचालन गर्न इच्छुक उक्त क्षेत्र भित्रका सहकारी संस्था/कृषक समुह र समितिहरुले यो सुचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र हस्त लिखित दरखास्त तथा संक्षिप्त कार्ययोजना सम्वन्धीत वडा कार्यालयमा पेश गर्नु हुन आब्हान गरिन्छ । अन्य थप जानकारीका लागी फोन नं ९८५११९७६५३ वा ९८५११२००८० मा सम्पर्क गनुहुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजात ।
३. समुह/समिति/सहकारी संस्थाको आ.व. ०७७/७८ को लेखा परिक्षण प्रतिवेदन र सोहि अवधिको कर चुक्ता प्रमाणको प्रतिलिपी ।
४. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने सम्वन्धी निर्णयको प्रतिलिपी ।
५.COVID-19 का कारण रोजगारी गुमाई वैदेशिक रोजगारीवाट फर्केका युवा/युवतीहरुलाई प्राथामिकताका साथ इच्छुक व्यक्तीलाई समुहमा समावेश गर्नु पर्नेछ ।
६. पाडी प्राप्त गर्न छनौट भए पशचात लागत मुल्यको ४०% ले अुन आउने रकम पनौती नगरपालिकाको राजश्व खातामा वुझाउने प्रतिवद्धता ।
७. सम्वन्धीत वडा कार्यालयको सिफरिस पत्र ।
८. यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पनौती नगरपालिकामा सुरक्षित हुनेछ ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

मिति:- ............................

श्रीमान् वडा अध्यक्षज्यु

वडा नं.

मार्फत

कृषि तथा पशुपन्छी शाखा

पनौती नगरपालिका

पनौती काभ्रे ।

***विषय :–सहकार्यमा बाखा/बोका उपलव्ध गराई दिनुहुन ।***

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतकृषि तथा पशुपन्छी शाखाको मिति २०७८/०५/१५ गतेको सुचना अनुसार श्री .............................................................. कृषक समुह/सहकारी उक्त कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा ..... गोटा बाखा र....... गोटा बोका उपलव्ध गराई दिनुहुन आवश्यक कागजपत्र संलग्न राखी यो निवेदन पेश गरेको छौ । लागत सहभागिता वापतको ४० % ले हुन आउने रकम कार्यक्रममा छनौट भएमा नगरपालिकाको बैक खातामा अग्रिम बुझाउन मन्जुर छौ । यस अघि वितरण गरिएका बाखा/बोका यस कार्यक्रममा सहभागी हुने कृषकहरुले नलिएको व्यहोरा समेत अनुरोध छ । यस कार्यक्रममा सहभागी हुने कृषक समुहले बढीमा प्रति कृषक २ गोटा बाखा र प्रति समुह/सहकारी ले १ गोटा बोका माग गर्न वा नगर्न पनि सकिने र सहकारीको हकमा समुह बनाई बढीमा २० गोटा सम्म माग गर्न सकिने र सहभागि हुने कृषकहरुको विवरण तपशिल बमोजिम को फर्मेटमा भरि पेश गनु पर्नेछ ।

नोट : यो कार्यक्रम बाखा पकेट क्षेत्र तोकिएका वडा नं ६,९र ११ मा मात्र संचालन हुने छ ।

***बाखा माग गर्ने कृषक समुहका सदस्यहरुको विवरण***

| सि.नं | माग गर्नेको नाम | सम्पर्क नं | बाबु/पतीको नाम | हजुरबा/ससुराको नाम |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको नाम :-

दस्तखत :-

वडा कार्यालयको छाप

**<u>संलग्न कागजातहरु</u>**

१.

२.

३.

माग गर्ने समुह/सहकारीको

नाम

ठेगाना :-

सम्पर्क नं.:-

समुह /सहकारीको छाप

समुह/सहकारीको तर्फबाट अख्तियार प्राप्त व्यक्तीको नाम

थर र

पद

# पनौती नगरपालिका
## Panauti Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : २०७८/०५/१५

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७२

## लागत साझेदारीमा गाई प्रर्वद्धन कार्यक्रम संचालन गर्नका लागी दरखास्त आब्हानको सुचना ।

प्रस्तुत विषयमा पनौती नगरपालिका अन्तर्गत कृषि तथा पशुपन्छी शाखाले आ.व.०७८/७९ मा संचालन गर्ने कार्यक्रम मध्ये समुह/समिति/सहकारी मार्फत लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी र अन्य कार्यक्रमहरु समेत संचालन गर्न सहज र सरल होस भनि पनौती नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/०७/२५ को निर्णय अनुसार वडा नं ३,८,र १० लाई गाई पकेट क्षेत्र निर्धारण गरि उक्त क्षेत्र भित्र मात्र कार्यक्रम संचालन गर्ने गरि लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया २०७७ बमोजिम नगर कार्यपालिकाको निर्णय अनुसार लागत साझेदारीमा गाई प्रवर्द्धन कार्य संचालन गर्न इच्छुक उक्त क्षेत्र भित्रका सहकारी संस्था/कृषक समुह र समितिहरुले यो सुचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र सम्वन्धीत वडा कार्यालयमा दरखास्त पेश गर्नु हुन आब्हान गरिन्छ । रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ । अन्य थप जानकारीका लागी फोन नं ९८५११९७६५३ वा ९८५११२००८० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजात ।
३. समुह/समितिं/सहकारी संस्थाको आ.व.०७७/७८ को लेखा परिक्षण प्रतिवेदन र सोहि अवधिको कर चुक्ता प्रमाणको प्रतिलिपी ।
४. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने सम्वन्धी निर्णयको प्रतिलिपी ।
५. COVID-19 का कारण रोजगारी गुमाई वैदेशिक रोजगारीवाट फर्केका युवा/युवतीहरुलाई प्राथमिकताका साथ इच्छुक व्यक्तीलाई समुहमा समावेश गर्नु पर्नेछ ।
६. गाई प्राप्त गर्न छनौट भए पशचात लागत मुल्यको ४०% ले हुन आउने रकम पनौती नगरपालिकाको राजश्व खातामा बुझाउने प्रतिवद्धता ।
७. सम्वन्धीत वडा कार्यालयको सिफरिस पत्र ।
८. यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पनौती नगरपालिकामा सुरक्षित हुनेछ ।

रामप्रसाद बाग्ले
प्रमुख प्रशासकीय अधिकृत

मितिः- ........................

श्रीमान् वडा अध्यक्षज्यु

वडा नं.

मार्फत

कृषि तथा पशुपन्छी शाखा

पनौती नगरपालिका

पनौती काभ्रे ।

***विषय :– ससर्त तर्फ सहकार्यमा गाई उपलव्ध गराई दिनुहुन ।***

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतकृषि तथा पशुपन्छी शाखाको मिति २०७८/०५/१५ गतेको सुचना अनुसार हामी श्री ............................................................ कृषक समुह/सहकारी उक्त कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा ..... गोटा गाई उपलव्ध गराई दिनुहुन आवश्यक कागजपत्र संलग्न राखी यो निवेदन पेश गरेको छौ । लागत सहभागिता वापतको ४० % ले हुन आउने रकम कार्यक्रममा छनौट भएमा नगरपालिकाको बैक खातामा अग्रिम बुझाउन मन्जुर छौ । यस अघि वितरण गरिएका गाई,पाडी यस कार्यक्रममा सहभागी हुने कृषकहरुले नलिएको व्यहोरा समेत अनुरोध छ । यस कार्यक्रममा सहभागी हुने कृषक समुहले बढीमा ५ गोटा माग गर्न सकिने र सहकारीको हकमा समुह बनाई बढीमा १० गोटा सम्म माग गर्न सकिने र सहभागि हुने कृषकहरुको विवरण तपशिल बमोजिम को फर्मेटमा भरि पेश गनु पर्नेछ ।

नोट : यो कार्यक्रम गाई पकेट क्षेत्र तोकिएका वडा नं ३,८र १० मा मात्र संचालन हुने छ ।

***गाई माग गर्नेको कृषक समुहका सदस्यहरुको विवरण***

| सि.नं | माग गर्नेको नाम | सम्पर्क नं | बाबु/पतीको नाम | हजुरबा/ससुराको नाम |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको नाम :-

दस्तखत :-

वडा कार्यालयको छाप

<u>संलग्न कागजातहरु</u>

१.

२.

३.

माग गर्ने समुह/सहकारीको

नाम

ठेगाना :-

सम्पर्क नं.:-

समुह /सहकारीको छाप

अख्तियार प्राप्त व्यक्तीको नाम

थर र

पद

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :
मिति (Date): २०७८/०५/१५

## लागत साझेदारीमा मासुका लागी पाडा पालन कार्यक्रममा प्रस्ताव दरखास्त आव्हानको सुचना ।

प्रस्तुत विषयमा पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कृषि तथा पशुपन्छी शाखा मार्फत ससर्त तर्फ आ.व. ०७८/७९ मा संचालन हुने मासुका लागी पाडा पालन कार्यक्रम अन्तर्गत लागत सहभागितामा ११० गोटा पाडा वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक कृषक/कृषक समुह/सहकारी र व्यवसायीक फर्महरुले तपशिलका शर्त र अधिनमा रहि नगरपालिकाले उपलव्ध गराएको दरखास्त फार्म भरी सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र सम्वन्धित वडा कार्यालयमा वुझाउनु हुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
२.फर्म दर्ता/न.पा.मा व्यवसाय दर्ता, समुह दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. संघ/संस्था/सहकारीको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. व्यवसायीक फर्मको हकमा आफनो कार्य योजना ।
५. एकल महिलाको उमेर ६० वर्ष भन्दा बढी नभएको हुनुपर्नेछ ।
६. व्यवसायिक फर्म भए सुधारीएको गोठको फोटो ।
७. covid-19 वा अन्य कारणबाट वैदेशीक रोजगारवाट फर्केका युवा युवतीको हकमा व्यवसायिक रुपमा पाडा पालन गर्न चाहेमा अधिकतम २ वटा सम्म पाडा उपलव्ध गराईनेछ सो को लागि विदेशवाट फर्केको प्रमाण सहित पासपोर्टको प्रतिलिपी र कार्ययोजना पेश गर्नुपर्नेछ ।
८. सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र ।
९. घाँसवालीको व्यवस्थापन गरि पशु आहाराको उपलव्धता भएको हुनुपर्ने ।
१०. पाडी प्राप्त गर्न छनौट भए पश्चात लागत मुल्यको ४०% ले हुन आउने रकम पनौती नगरपालिकाको राजश्व खातामा वुझाउने प्रतिवद्धता ।
११ अनुदानित पाडा प्राप्त भएको मितिले १ वर्ष पुरा भएपछी विक्री गर्न पाईनेछ । विक्रीबाट प्राप्त रकमले पुन: पाडा खरिद गरि पालन गर्नुपर्नेछ सो का लागी पनौती नगरपालिका कृषि तथा पशुपन्छी शाखासंग समन्वय गर्नुपर्नेछ ।

नोट – यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पनौती नगरपालिकामा सुरक्षित रहने छ ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

मितिः- ...............................

श्रीमान् वडा अध्यक्षज्यु
वडा नं.
मार्फत
कृषि तथा पशुपन्छी शाखा
पनौती नगरपालिका
पनौती काभ्रे ।

***विषय :– मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत पाडा उपलब्ध गराई दिनुहुन ।***

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतकृषि तथा पशुपन्छी शाखाको मिति २०७८/०५/१५ गतेको सुचना अनुसार म/हामी उक्त कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा ....... वटा पाडा उपलब्ध गराई दिनुहुन आवश्यक कागजपत्र संलग्न राखी यो निवेदन पेश गरेको छु। कार्यक्रममा छनौट भए पश्चात ४०% लागत सहभागिताले हुन आउने रकम पनौती नगरपालिकाको बैक खातामा अग्रिम बुझाउन मन्जुर छु।

***पाडी माग गर्नेको कृषकको विवरण***

| सि.नं | माग गर्नेको नाम | सम्पर्क नं | बाबु/पतीको नाम | हजुरबा/ससुराको नाम |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको नाम :-

दस्तखत :-

वडाको छाप

**<u>संलग्न कागजातहरु</u>**

१.
२.
३.
४.
५.

**निवेदक**

नाम थरः-

ठेगाना :-

सम्पर्क नं.:-

दस्तखतः-

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : २०७८/५/१५

**लागत साझेदारीमा भैसी प्रर्वद्धन ( पाडी/थोरे) कार्यक्रम संचालन गर्नका लागी दरखास्त आव्हानको सुचना ।**

प्रस्तुत विषयमा पनौती नगरपालिका अन्तर्गत कृषि तथा पशुपन्छी शाखाले आ.व.०७८/७९ मा संचालन गर्ने कार्यक्रम मध्ये लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रममा १५० गोटा पाडी/थोरे वितरण कार्यक्रम संचालन गर्नका लागी इच्छुक कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म तपशिलका कागजात दरखास्त पेश गर्नु हुन आब्हान गरिन्छ । रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ । अन्य थप जानकारीका लागी फोन नं ९८५११९७६५३ वा ९८५११२००८० मा सम्पर्क गनुहुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. नागरिकता प्रमाणंपत्रको प्रतिलिपी ।
२.फर्म दर्ता/न.पा.मा व्यवसाय दर्ता, समुह दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. संघ/संस्था/सहकारीको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. व्यवसायीक फर्मको हकमा आफनो कार्य योजना ।
५. एकल महिलाको उमेर ६० वर्ष भन्दा बढी नभएको हुनुपर्नेछ ।
६. व्यवसायिक फर्म भए सुधारीएको गोठको फोटो ।
७. covid-19 वा अन्य कारणबाट वैदेशीक रोजगारवाट फर्केका युवा युवतीको हकमा व्यवसायिक रुपमा पाडी/थोरे पालन गर्न चाहेमा अधिकतम २ वटा सम्म पाडी/थोरे उपलब्ध गराईनेछ सो को लागि विदेशवाट फर्केको प्रमाण सहित पासपोर्टको प्रतिलिपी र कार्ययोजना पेश गर्नुपर्नेछ ।
८. सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र ।
९. घाँसवालीको व्यवस्थापन गरि पशु आहाराको उपलव्धता भएको हुनुपर्ने ।
१०.पाडी/थोरे प्राप्त गर्न छनौट भए पश्चात प्रति गोटा पाडी/थोरेको रु. ७,५००।(सात हजार पाँच सय) का दरले पनौती नगरपालिकाको राजश्व खातामा वुझाउने प्रतिवद्धता ।
११ अनुदानित पाडी ब्याए पश्चात जन्मने पाडापाडीको नगरपालिकाले समर्थन मुल्य तोकि अन्य पशुपालक कृषकलाई लाई हस्तान्तरण गर्ने कार्यक्रम भए सो को लागी सहयोग पुर्‍याउनुपर्ने प्रतिवद्धता ।

नोट – यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पनौती नगरपालिकामा सुरक्षित रहने छ ।

रामप्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

Phone: 011-440138, 011-440136, Fax No.: 011-440137, Website: www.panautimun.gov.np, Email: info@panautimun.gov.np

मितिः- ...............................

श्रीमान् वडा अध्यक्षज्यु
वडा नं.
मार्फत
कृषि तथा पशुपन्छी शाखा
पनौती नगरपालिका
पनौती काभ्रे ।

***विषय :- पाडी पालन गर्न सहकार्यमा पाडी उपलब्ध गराई दिनुहुन ।***

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतकृषि तथा पशुपन्छी शाखाको मिति २०७८/०५/१५ गतेको सुचना अनुसार म/हामी उक्त कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा ....... वटा पाडी उपलब्ध गराई दिनुहुन आवश्यक कागजपत्र संलग्न राखी यो निवेदन पेश गरेको छु । सहकार्य बापतको लाग्ने रकम रु ७५००।- कार्यक्रममा छनौट भएमा नगरपालिकाको बैक खातामा अग्रिम बुझाउन मन्जुर छु । यस अघि वितरण गरिएका पाडी मैले नलिएको व्यहोरा समेत अनुरोध छ ।

***पाडी माग गर्नेको कृषकको विवरण***

| सि.नं | माग गर्नेको नाम | सम्पर्क नं | बाबु/पतीको नाम | हजुरबा/ससुराको नाम |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको नाम :-
दस्तखत :-
वडाको छाप

<u>संलग्न कागजातहरु</u>

१.
२.
३.
४.
५.

निवेदक
नाम थरः-
ठेगाना :-
सम्पर्क नं.:-
दस्तखतः-